# नेपाली सेना
## श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा
## प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरुको लागि दरखास्त आव्हान

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०७/२८ गते)**

१. नेपाली सेनामा रिक्त रहेका प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरू खुला प्रतियोगिताद्वारा पदपुर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ । देहायका योग्यता पूगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी सो को प्रिन्ट प्रति सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना केन्द्रमा रू. १०।- (दश) को टिकट टाँसी दरखास्त पेस गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक संख्या :**

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समूह | उपसमूह | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १ | ०८२/८३/०२ | प्राड उपसेनानी | सैनिक प्राड | - | - | | २ | | | | १ | | ३ |
| २ | ०८२/८३/०३ | प्राविधिक उपसेनानी (एम.बि.बि.एस.डा.) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | १ | १६ | २ | ४ | ४ | २ | | २९ |
| ३ | ०८२/८३/०४ | प्राविधिक उपसेनानी (सैनिक उपचारिका) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | नर्सिङ्ग | | २ | | | | | | २ |
| ४ | ०८२/८३/०५ | प्राविधिक उपसेनानी (रेडियोग्राफर) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | | १ | | | | | | १ |
| ५ | ०८२/८३/०६ | प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्वेज प्याथोलोजिष्ट) | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | विविध मेडिकल ट्रेड | | | १ | | | | | १ |
| ६ | ०८२/८३/०७ | प्राविधिक उपसेनानी (मेकानिकल) उत्पादन | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | उत्पादन | | | | | १ | | | १ |
| ७ | ०८२/८३/०८ | प्राविधिक उपसेनानी (ईलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्स) उत्पादन | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | उत्पादन | | १ | | | १ | | | २ |
| ८ | ०८२/८३/०९ | प्राविधिक उपसेनानी (केमिकल) उत्पादन | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | उत्पादन | | १ | | | | | | १ |
| ९ | ०८२/८३/१० | प्राविधिक उपसेनानी (टेक्सटायल) उत्पादन | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | उत्पादन | | १ | | | | | | १ |
| १० | ०८२/८३/११ | प्राविधिक उपसेनानी (केमिष्ट) उत्पादन | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | उत्पादन | | १ | | | | | | १ |
| ११ | ०८२/८३/१२ | प्राविधिक उपसेनानी (मेकानिकल इन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | २ | | | | १ | | ३ |
| १२ | ०८२/८३/१३ | प्राविधिक उपसेनानी (इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | २ | १ | | | | | ३ |
| १३ | ०८२/८३/१४ | प्राविधिक उपसेनानी (बायोमेडिकल ईन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | | १ | | | | | १ |
| १४ | ०८२/८३/१५ | प्राविधिक उपसेनानी (अटोमोवाईल ईन्जिनियर) मर्मत तथा सम्भार | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | १ | | १ | १ | | | ३ |
| १५ | ०८२/८३/१६ | प्राविधिक उपसेनानी (सिभिल ईन्जिनियर) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सिभिल तथा आर्किटेक्चर | १ | ४ | | १ | १ | १ | १ | ९ |
| १६ | ०८२/८३/१७ | प्राविधिक उपसेनानी (कम्प्युटर ईन्जिनियर) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सूचना प्रविधि | १ | ५ | १ | १ | १ | १ | | १० |
| १७ | ०८२/८३/१८ | प्राविधिक उपसेनानी (सर्भे) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सर्भे | | | | १ | | | | १ |
| १८ | ०८२/८३/१९ | प्राविधिक उपसेनानी (भेटेरीनरी डा.) | सैनिक प्राविधिक | पशु विकास तथा पशु स्वास्थ्य | - | | | | १ | | | | १ |
| १९ | ०८२/८३/२० | प्राविधिक उपसेनानी (फोटोग्राफर) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | | | | १ | | | | १ |
| २० | ०८२/८३/२१ | प्राविधिक उपसेनानी फिल्म निर्देशक (Director & Script Writer) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | | | | १ | | | | १ |
| २१ | ०८२/८३/२२ | प्राविधिक उपसेनानी (ब्रास ब्याण्ड) | सैनिक प्राविधिक | अन्य प्राविधिक | सैनिक ब्याण्ड | | | | १ | | | | १ |
| २२ | ०८२/८३/२३ | प्राविधिक उपसेनानी (लाईब्रेरियन) | सैनिक प्राविधिक | अन्य प्राविधिक | लाईब्रेरी | | १ | | | १ | | | २ |
| २३ | ०८२/८३/२४ | पाइलट उपसेनानी | सैनिक हवाई | पाइलट | - | | १ | | | १ | | | २ |
| २४ | ०८२/८३/२५ | प्राविधिक उपसेनानी (ए.एण्ड सि. इन्जिनियर) | सैनिक हवाई | हवाई सम्भार | - | | १ | १ | | | | | २ |
| २५ | ०८२/८३/२६ | प्राविधिक उपसेनानी (एभियोनिक्स इन्जिनियर) | सैनिक हवाई | हवाई सम्भार | | | २ | १ | | | | | ३ |
| २६ | ०८२/८३/२७ | प्राविधिक उपसेनानी (ग्राउण्ड ह्याण्डलिङ्ग) | सैनिक हवाई | अन्य हवाई | ग्राउण्ड ह्याण्डलिङ्ग | | १ | | | | | | १ |
| २७ | ०८२/८३/२८ | लेखा उपसेनानी | सैनिक विविध | लेखा | - | | ७ | १ | २ | २ | १ | | १३ |

३. **दरखास्त पेस गर्ने मिति र स्थान :**

(क) **दरखास्त मिति** : मिति २०८२/०७/२८ गतेदेखि मिति २०८२/०८/२७ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८२/०८/२८ गतेदेखि मिति २०८२/०९/०५ गतेसम्म थप दिन ७ हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) एकल तथा दोब्बर दस्तुर बुझाई दरखास्त पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा अनलाईनबाट भरेको दरखास्त फाराम उक्त मिति भन्दा पछाडीको कार्यालय खुल्ने दिनमा कार्यालय समय भित्र दरखास्त दस्तुर (राजस्व) बुझाई दर्ता गर्न सकिने छ ।

(ग) **स्थान** : नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू ।

४. **दरखास्त दस्तुर** : दरखास्त फाराम बुझाउँदा सबै पदका लागि रु.१,०००।- (एक हजार) श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१०००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४ परीक्षा शुल्क) मा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेस गर्नु पर्नेछ । सोही विज्ञापनमा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ ।

५. **आवश्यक योग्यता :**

(क) **शैक्षिक योग्यता :**

| क्र.सं. | बिज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १ | ०८२/८३/०२ | प्राड उपसेनानी | कानूनमा स्नातक तह उत्तीर्ण गरी नेपाल कानून व्यवसायी परिषद्बाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको । | |
| २ | ०८२/८३/०३ | प्राविधिक उपसेनानी (एम.बि.बि.एस.डा.) | एस.एल.सी. वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा एम.बि.बि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | |
| ३ | ०८२/८३/०४ | प्राविधिक उपसेनानी (सैनिक उपचारिका) | नर्सिङ्ग विषयमा कम्तीमा स्नातक (बि.एन. वा ब्याचलर इन नर्सिङ्ग साइन्स वा बि.एस.सि. नर्सिङ्ग) उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| ४ | ०८२/८३/०५ | प्राविधिक उपसेनानी (रेडियोग्राफर) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| ५ | ०८२/८३/०६ | प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्वेज प्याथोलोजिष्ट) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| ६ | ०८२/८३/०७ | प्राविधिक उपसेनानी (मेकानिकल) उत्पादन | मेकानिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| ७ | ०८२/८३/०८ | प्राविधिक उपसेनानी (ईलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्स) उत्पादन | इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स मध्ये कुनै विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| ८ | ०८२/८३/०९ | प्राविधिक उपसेनानी (केमिकल) उत्पादन | केमिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| ९ | ०८२/८३/१० | प्राविधिक उपसेनानी (टेक्सटायल) उत्पादन | टेक्सटायल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १० | ०८२/८३/११ | प्राविधिक उपसेनानी (केमिष्ट) उत्पादन | रसायनशास्त्रमा स्नातकोत्तर (एम.एस्सी.) उत्तीर्ण गरेको । | |
| ११ | ०८२/८३/१२ | प्राविधिक उपसेनानी (मेकानिकल इन्जिनियर) मर्मत तथा सम्भार | मेकानिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १२ | ०८२/८३/१३ | प्राविधिक उपसेनानी (इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियर) मर्मत तथा सम्भार | इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन मध्ये एक विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १३ | ०८२/८३/१४ | प्राविधिक उपसेनानी (बायोमेडिकल ईन्जिनियर) मर्मत तथा सम्भार | बायोमेडिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १४ | ०८२/८३/१५ | प्राविधिक उपसेनानी (अटोमोवाईल ईन्जिनियर) मर्मत तथा सम्भार | अटोमोबाइल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १५ | ०८२/८३/१६ | प्राविधिक उपसेनानी (सिभिल ईन्जिनियर) | सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १६ | ०८२/८३/१७ | प्राविधिक उपसेनानी (कम्प्युटर ईन्जिनियर) | बि.इ. (आई.टि.), बि.इ. कम्प्युटर, बि.टेक. कम्प्युटर वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १७ | ०८२/८३/१८ | प्राविधिक उपसेनानी (सर्भे) | जियोम्याट्रिक इन्जिनियरिङ्ग वा सर्भे इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १८ | ०८२/८३/१९ | प्राविधिक उपसेनानी (भेटेरिनरी डा.) | ब्याचलर अफ भेटेरिनरी साइन्स एण्ड एनिमल हस्वेन्ड्री (बि.भि.एस्सी एण्ड ए.एच) वा डाक्टर अफ भेटेरिनरी मेडिसिन उत्तीर्ण गरी नेपाल भेटेरिनरी काउन्सिलमा दर्ता भएको । | |
| १९ | ०८२/८३/२० | प्राविधिक उपसेनानी (फोटोग्राफर) | सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको । | |
| २० | ०८२/८३/२१ | प्राविधिक उपसेनानी फिल्म निर्देशक (Director & Script Writer) | सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको । | |
| २१ | ०८२/८३/२२ | प्राविधिक उपसेनानी (ब्रास ब्याण्ड) | ब्रास विषय लिई संगीत (म्युजिक) संकायमा स्नातक तह उत्तीर्ण गरेको । | |
| २२ | ०८२/८३/२३ | प्राविधिक उपसेनानी (लाईब्रेरियन) | लाइब्रेरी साइन्समा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल लाइब्रेरी एसोशियसनमा दर्ता भएको । | |
| २३ | ०८२/८३/२४ | पाइलट उपसेनानी | भौतिक विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरी इन्टरनेशनल सिभिल एभिएसन अर्गनाईजेशन (आई.सि.ए.ओ.) ले मान्यता दिएको संस्थाबाट कमर्सियल पाइलट लाईसेन्स प्राप्त गरेको र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जहाज वा हेलिकप्टरको कमर्सियल पाइलट लाईसेन्स परीक्षा उत्तीर्ण गरेको । | |
| २४ | ०८२/८३/२५ | प्राविधिक उपसेनानी (ए.एण्ड सि. इन्जिनियर) | एरोनटिकल वा मेकानिकल इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता गरेको । | |
| २५ | ०८२/८३/२६ | प्राविधिक उपसेनानी (एभियोनिक्स इन्जिनियर) | एभियोनिक्स वा ईलेक्ट्रिकल वा ईलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता गरेको । | |
| २६ | ०८२/८३/२७ | प्राविधिक उपसेनानी (ग्राउण्ड ह्याण्डलिङ्ग) | अटोमोवाईल इन्जिनियरिङ्ग बिषयमा स्नातक तह उत्तीर्ण गरेको । | |
| २७ | ०८२/८३/२८ | लेखा उपसेनानी | वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको । | |

(ख) **शारीरिक योग्यता :**

| क्र.सं. | पद | विवरण | पुरुष | महिला | कै. |
|---|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरु | उचाई | न्युनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट (पाइलट समूहको हकमा ५ फिट ३ ईन्च) | |
| | | छाती | नफुलाउंदा न्युनतम ३२ ईन्च र फुलाउंदा न्युनतम ३४ ईन्च | - | |
| | | वजन | न्युनतम ५० के.जी. (११० पौण्ड) | न्युनतम ४० के.जी. (८८ पौण्ड) | |
| | | आँखा | चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने तर सैनिक प्राविधिक सेवा अन्तर्गतका वहालवाला उम्मेदवारको हकमा ± २.५ (दुई दशमलव पाँच) भन्दा बढी कमजोर नभएको हुनुपर्ने । | | |
| | | BMI | न्युनतम १६ देखि अधिकतम २७ सम्म हुनुपर्ने । | | |

(ग) **अन्य योग्यता :**

उम्मेदवारहरू बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९", "सैनिक प्राड सेवा नियमावली, २०७४", "सैनिक प्राविधिक सेवा नियमावली, २०७६", सैनिक हवाई सेवा नियमावली, २०७४", "सैनिक विविध सेवा नियमावली, २०७४"** र **"भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हद** : दरखास्त पेस गर्ने अन्तिम मिति २०८२/०८/२७ गतेसम्म उमेर निम्न अनुसार हुनु पर्नेछ ।

| क्र.सं. | पद | पुरुष | महिला | कै. |
|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरू | १८ वर्ष उमेर पुरा भई २९ वर्ष ननाघेको | १८ वर्ष उमेर पुरा भई ३० वर्ष ननाघेको | |

७. **सैनिक सेवाका बहालवाला उम्मेदवार :**

(क) उल्लिखित पदका लागि नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिको उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार पैंतिस वर्ष पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछ । सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको, सैनिक आधारभूत तालिम गरेको र युनिटपतिको सिफारिस हुनु पर्नेछ ।

(ख) दरखास्त पेस गर्ने अन्तिम मिति २०८२/०८/२७ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पूरा भएको हुनु पर्नेछ ।

८. **पेस गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरू** : देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवारहरू स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेस गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरू मान्य हुने छैन । दरखास्त दिन आउँदा पेस गरिने सबै कागजातहरूको सक्कल प्रति अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरूको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) नेपालका विद्यालय/विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयहरुबाट उपाधी हासिल गर्नेहरूको हकमा पाठ्यक्रम विकास केन्द्र वा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।

(घ) सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दागर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततीहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेस गर्नुपर्नेछ ।

(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती/कर्तव्य पालनाको सिलसिलामा मृत्यु/अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(२) बहालवाला सैनिकको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसँगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ** : उम्मेदवारले हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेस गर्नुपर्नेछ ।

(क) पासपोर्ट साईजको फोटो प्रति-४ (चार) ।

(ख) २X२ साईजको फोटो प्रति-१ (एक) ।

१०. **सम्पर्क मिति र स्थान** : मिति २०८२/०९/१४ गतेको ११०० बजे, नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भूमा स्वयम् उपस्थित भई वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **EXAM NOTICES** मा आगामी परीक्षाको कार्यतालिका बारे जानकारी प्राप्त गर्न सकिनेछ ।

(बाँकी ११ पेजमा)

# टोलमै स्वास्थ्य सेवा

## स्वास्थ्य संस्थामा सेवाग्राहीको घुइँचो

**हेटौँडा समाचारदाता**
*हेटौँडा, कात्तिक २७ गते*

सरकारी स्वास्थ्य संस्थामार्फत सेवा लिने सेवाग्राहीको सङ्ख्या बढ्दै गएको छ । जिल्लामा रहेको सरकारी अस्पतालमार्फत दैनिक सरदर ९१० जना सेवाग्राहीले स्वास्थ्य सेवा लिएको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ।

आर्थिक वर्ष २०८१/८२ मा सम्पादित स्वास्थ्य सेवा तथा कार्यक्रमको हेटौँडामा भएको जिल्लास्तरीय वार्षिक समीक्षा कार्यक्रममा अघिल्लो आव २०८०/८१ को तुलनामा गत आवमा सेवा लिनेको सङ्ख्यामा बढोत्तरी भएको हो। जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेका अनुसार आव २०७९/८० मा दैनिक ५५४ र आव २०८०/८१ मा ८१९ जनाले सरकारी अस्पतालबाट दैनिक सेवा लिएकोमा गत आवमा बढेको छ।

प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य संस्था, नगर स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र र महिला स्वास्थ्य स्वयंसेविकामार्फत सेवा लिने सेवाग्राहीको सङ्ख्या पनि बढ्दै गएको उहाँले समीक्षा कार्यक्रममा जानकारी दिनुभयो । त्यस्तै सुत्केरी भएपश्चात् एक वर्षभित्र परिवार नियोजनको साधन प्रयोग गर्ने दर पनि बढेको हो।

गत आवमा जिल्लामा एक जनामा औलो देखिएको थियो। जिल्लामा १९ जनामा कुष्ठरोग देखिएकोमा ११ जना उपचारमा रहेका छन्। जिल्लामा नौ हजार ५५९ जनाको एचआइभी परीक्षण गरिएकोमा ४० जना पोजिटिभ फेला परेका छन् । ३२८ जनाले नियमित औषधी सेवन गरिरहेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ। कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख जनस्वास्थ्य प्रशासक किरण श्रेष्ठ, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्ट्रार भीमसागर गुरागाईं, नेपाल पत्रकार महासङ्घ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतले बोल्नुभएको थियो।



**स्थानीयको स्वास्थ्य परीक्षण गर्दै नीलकण्ठ–६ स्थित सुनौलाबजार स्वास्थ्य चौकीका प्रमुख रोशन आलेमगर ।**

**धादिङबेँसी समाचारदाता**
*धादिङबेँसी, कात्तिक २७ गते*

धादिङको नीलकण्ठ नगरपालिकामा ‘जनतासँग मेयर स्वास्थ्य परीक्षण कार्यक्रम’ सञ्चालन भइरहेको छ । नगरपालिकाका स्वास्थ्यकर्मी हरेक तीन महिनामा टोल टोलमा पुग्ने गरेका छन्। आफ्नै टोलमा स्वास्थ्यकर्मीबाट स्वास्थ्य परीक्षण गराउन पाउँदा स्थानीय लाभान्वित भएका हुन् । नगरपालिकाले सञ्चालन गरेको स्वास्थ्य परीक्षण कार्यक्रमले धेरै राम्रो भएको नीलकण्ठ–७ का ऋषिबहादुर श्रेष्ठले बताउनुभयो । “पहिले के रोग लागेको हो भन्ने थाहा नै हुँदैनथ्यो, बिरामी परेपछि मात्रै अस्पताल पुगिन्थ्यो,” श्रेष्ठले भन्नुभयो, “अब स्वास्थ्यकर्मी आफैँ टोलमा आउनुहुन्छ, समयमै रोग पहिचान भएको छ, हामीलाई सजिलो छ।”

यस्तै खुसी र सहजता अहिले नीलकण्ठ नगरपालिकाका हरेक टोलमा देख्न सकिन्छ । नगरपालिकाले सुरु गरेको ‘जनतासँग मेयर स्वास्थ्य परीक्षण कार्यक्रम’ मार्फत गाउँ गाउँमा स्वास्थ्य सेवा पुऱ्याउने सफल अभियान बनेको छ।

गत वर्षको चैत महिनादेखि सुरु भएको यो कार्यक्रम अहिले नगरपालिकाका १४ वटै वडामा नियमित सञ्चालन भइरहेको छ। हरेक तीन महिनामा स्वास्थ्यकर्मीको टोली गाउँ गाउँ पुगेर नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण गरिरहेको छ । रक्तचाप, मधुमेह, कुपोषण र अन्य प्रारम्भिक रोग परीक्षणदेखि स्वास्थ्य सल्लाहसम्मका सेवा टोलमै उपलब्ध हुन थालेका छन् । नगरपालिकाका जनस्वास्थ्य निरीक्षक शिव राना भन्नुहुन्छ, “३० वर्षमाथिका नागरिकलाई लक्षित गरिएको यस अभियानले प्रारम्भिक चरणमै रोग पहिचान गर्न र सचेतना बढाउन ठुलो मद्दत गरेको छ।” उहाँका अनुसार स्वास्थ्य सेवा लिने निरन्तर बढिरहेका छन्।

यो कार्यक्रम विशेष गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त समुदायका लागि वरदान साबित भएको सुनौलाबजार स्वास्थ्य चौकीका प्रमुख रोशन आलेमगरले बताउनुभयो। “टोलमै पुगेर स्वास्थ्य परीक्षण गर्दा उच्च रक्तचाप र मधुमेह जस्ता समस्या प्रारम्भिक चरणमै पत्ता लगाएर उपचार गर्न सकिने भएको छ,” उहाँले भन्नुभयो । नगरप्रमुख भीमप्रसाद ढुङ्गानाले भन्नुभयो, “यो कार्यक्रमलाई दीर्घकालीन रूपमा विस्तार गर्दै अझ प्रभावकारी बनाउने हाम्रो लक्ष्य रहेको छ ।” नगरपालिकाको यो अभियानले खास गरी दुर्गम बस्तीकालाई अस्पताल पुग्नुपर्ने दुरी घटाइदिएको छ भने स्वास्थ्यप्रति जागरुकता पनि बढाएको छ।

## भ्यु टावरमा छैन चहलपहल

**मनहरी समाचारदाता**
*मनहरी (मकवानपुर), कात्तिक २७ गते*

पूर्वपश्चिम राजमार्गबाट १० मिनेटमा पुग्न सकिने मनहरी गाउँपालिका–८ स्थित देवकोट क्षेत्रमा आन्तरिक पर्यटकको सङ्ख्या बढेको छ । सिमपानी–देवकोट–सरिखेतखण्डको १६ किलोमिटर सडकखण्ड कालोपत्रे भएपछि मनहरीको देवकोट क्षेत्रमा आन्तरिक पर्यटक वृद्धि भएको वडा नं. ८ का अध्यक्ष नारायण उप्रेतीले बताउनुभयो।

उहाँका अनुसार गत वर्ष सडक कालोपत्रे भएपछि देवकोटबाट पहाडी क्षेत्र राक्सिराङ गाउँपालिकाका बस्ती, पर्सा राष्ट्रिय निकुञ्जका क्षेत्र र मनहरी गाउँपालिकाको राप्तीपारितर्फका क्षेत्रको दृश्यावलोकन गर्न आन्तरिक पर्यटक आउने गरेका छन्। देवकोटमा रहेका केही होटेल मनहरी र हेटौँडातर्फबाट आउने आन्तरिक पर्यटकका कारण चल्ने स्थिति बनेको वडाध्यक्ष उप्रेतीले बताउनुभयो।

वडाध्यक्ष उप्रेतीले भन्नुभयो, “राजमार्ग छाडेर १० मिनेट उकालो बाटोमा यात्रा गर्नेबित्तिकै प्राप्त हुने चिसो मौसम र स्थानीय खानेकुराले देवकोट क्षेत्रमा आन्तरिक पर्यटक बढेको छ।”

देवकोट क्षेत्रमा पर्यटकलाई आकर्षित गर्नका लागि २०७५ सालदेखि भ्यु टावर निर्माण थालिएको छ तर भ्यु टावर निर्माण सम्पन्न नहुँदा प्रयोगविहीन छ । भ्यु टावर स्थापना गरी दूरबिनको व्यवस्था गर्न सके मौसम खुलेको समयमा चितवनको नारायणगढ बजारदेखि पर्सा राष्ट्रिय निकुञ्जका क्षेत्रको अवलोकन गर्न सहज हुने लक्ष्य राखिएको थियो। अपूरो भ्यु टावर र त्यसमा पार्क निर्माण गर्ने गरी तत्कालीन स्थानीय सरकारले डिपिआर गरे पनि हाल पर्याप्त बजेट विनियोजन नहुँदा काम गर्न समस्या परिरहेको वडाध्यक्ष उप्रेतीले बताउनुभयो।

(१० पेजको बाँकी)


**११. छनौट प्रक्रिया** : उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत वियरिङ्ग परीक्षा, बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट संचालन हुने), प्रयोगात्मक परीक्षा, गुणमापक परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ। कुनै एक परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि संचालन हुने अन्य परीक्षामा सहभागी हुन पाउने छैनन् । भर्ना छनौट प्रक्रिया अन्तर्गत लिइने वियरिङ्ग तथा शारीरिक परीक्षाको मापदण्ड श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** भित्र **ARMY SYLLABUS** मा हेर्न सकिनेछ ।

**१२. तलब, भत्ता, राशन तथा अन्य सुविधाहरू** : नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ ।

**१३. अन्य शर्तहरु** :

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत कर्मचारीले दरखास्त फाराममा आफु कार्यरत रहेको व्यहोरा अनिवार्य रुपमा उल्लेख गरी विभागीय स्वीकृति पत्र समेत दरखास्त पेस गर्दा नै बुझाउनु पर्नेछ र त्यस्तो नगरेमा दरखास्त लगायत सम्पूर्ण परीक्षा रद्ध गरिनेछ ।

(ख) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयम् उम्मेदवार हुनेछ ।

(ग) हरेक परीक्षामा सहभागी हुन आउँदा उम्मेदवारहरूले आ-आफ्नो प्रवेश पत्र, २X२ साईजको फोटो र सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(घ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले आदिवासी/जनजाति, मधेसी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यबस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(ङ) नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेस गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ । अन्य पदमा समेत आवेदन पेस गरेका उम्मेदवारले अनलाईन दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ ।

(च) उम्मेदवारहरूले पेस गरेको सम्पूर्ण विवरणहरूको सक्कल प्रति दरखास्त फाराम भर्दा र बोर्ड अन्तर्वार्तामा समेत पेस गर्नु पर्नेछ । उम्मेदवारहरूले पेस गरेको विवरण झुठा ठहरिएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

**१४. अनलाईन दरखास्त फाराम भर्ने सम्वन्धमा जानकारी** :

(क) नेपाली सेनाको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा गई "Apply **Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरणहरु नेपाली युनिकोडमा भर्नु पर्नेछ । साथै उम्मेदवारको फोटो, नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु र राजश्व दस्तुर तिरेको भौचरको स्क्यान/डिजिटल कपी अनिवार्य आवश्यक पर्दछ ।
(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा उम्मेदवारको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा तोकिएको न्यूनतम योग्यता प्रविष्ट (Entry) गरी मान्य भएपछि मात्र उम्मेदवारले त्यसपछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् ।

(घ) आवश्यक विवरण तथा डकुमेन्टहरु प्रविष्ट/अपलोड भए पछि राजश्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी अपलोड गरी **Submit Application** गर्ने र उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेशपत्र, राजश्व दस्तुरको भौचर डाउनलोड गरी **PDF Format** मा **Save** गर्ने र प्रिन्ट गर्ने ।

(ङ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र हुलाक टिकट टाँस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना छनौट केन्द्रमा तोकिएको मिति भित्र पेस गर्नुपर्नेछ ।

(च) यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मान्यता दिईने छैन ।

(छ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

**१५. विशेष सूचना** : सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कूल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० मा समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सबै सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र पद अनुसारका पाठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९४७८ मा कार्यालय समय भित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

**सैनिक सामग्री प्राप्ती निर्देशनालय,**
**संभाररथी विभाग, जंगी अड्डा**

**विभिन्न सामग्री खरिदको लागि बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८२।०७।२८ गते)

१. आ.ब. ०८२/८३ मा आवश्यक पर्ने निम्न अनुसारको सामानहरु **e–GP System** बाट खरिद गरिने हुँदा ईच्छुक योग्य बोलपत्रदाताको लागि यसै सूचनाद्वारा आव्हान गरिएको छ ।

| ठेक्का नं. | विवरण | परिमाण | बैंक जमानत ने.रु. | बोलपत्र दस्तुर ने.रु. | प्रि-बिड मिटिङ्ग | बोलपत्र दर्ता र खोलुवा |
|---|---|---|---|---|---|---|
| **पहिलो पटक सूचना प्रकाशन** | | | | | | |
| **403** | Spare Parts of TATA Vehicle (UN) | विभिन्न | ८,९०,०००।- | ५,०००।- | २०८२।०८।०८ गते १४०० बजे | २०८२।०८।२८ गते १२०० बजेसम्म दर्ता र सोही दिन १३०० बजे खोलुवा |
| **531** | Brass Rod (Ba. Pla.U.Ka. Pkg-1) | २००० के.जी. | ६८,०००।- | ३,०००।- | | |
| **दोश्रो पटक सूचना प्रकाशन** | | | | | | |
| **103** | Sleeping Bags for NA | ८००० गोटा | ४,१८,०००।- | ५,०००।- | २०८२।०८।०३ गते १४०० बजे | २०८२।०८।१४ गते १२०० बजेसम्म दर्ता र सोही दिन १३०० बजे खोलुवा |
| **107** | Tent and Sayer for NA | विभिन्न | १,२२,०००।- | ३,०००।- | | |
| **025** | VMware for Cyber Security (Pkg-1) | १ | १,०७,०००।- | ३,०००।- | | |
| **026** | Forensic Solution for Cyber Security (Pkg-2) | १ | १,४७,०००।- | ३,०००।- | | |

२. बोलपत्रदाताले **www.bolpatra.gov.np/egp** मार्फत विड गर्नुहुन र उक्त सिष्टममा अपलोड भएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको राजश्व/धरौटी खातामा रकम जम्मा गरी भौचर पेश गर्नुहुन । साथै, थप जानकारीको लागि यस विभागको फोन नं.०१-५९७९१२६ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**नागरिक लगानी कोष**
**कोषको वित्तीय अवस्था (अपरिष्कृत)**
**२०८२ आश्विन मसान्तसम्म**

**कोषको स्रोत (Sources of Fund)** रु. हजारमा

| विवरण | २०८२।८३ आश्विन मसान्त | २०८१।८२ आश्विन मसान्त |
|---|---|---|
| **शेयर पुँजी** | ६,४८१,७१२ | ६,०५७,६७५ |
| **खुद कोष मौज्दात** | २९६,८९४,१४१ | २६१,२६३,४५३ |
| **कुल अवकाश कोष मौज्दात** | २७४,०९७,०८५ | २४२,१५५,३०२ |
| क.ब.वृ. अवकाश कोष | १९८,३११,४३१ | १७३,३५४,२३३ |
| नागरिक एकाङ्क योजना | १,७८०,०९२ | १,९७६,१७६ |
| उपदान कोष योजना | ५४,१६९,१०९ | ४५,५६४,८६७ |
| लगानीकर्ता हिसाब | ११,१४३,९६१ | ११,९१८,००७ |
| राष्ट्रसेवक कर्मचारीको बीमा कोष | ८,१०२,००२ | ८,९०७,८७४ |
| नार्क बीमा कोष | १६०,९८९ | १५२,४८९ |
| नागरिक पेन्सन योजना | ४२९,५०० | २८१,६५६ |
| **बीमाकोष दायित्व** | २,५४८,१८७ | ७६६,५४६ |
| **जगेडा कोष** | २०,२४८,८६९ | १८,३४१,६०५ |
| केन्द्रीय हिसाब | ४,४७७,७३५ | ३,४७८,१९१ |
| अन्य कोष र योजना | १५,७७१,१३४ | १४,८६३,४१४ |
| **उचित मूल्य कोष** | ९,३५६,६८६ | ७,१६७,४९६ |
| **पुनःमूल्याङ्कन कोष** | ३३२,०६० | ३३२,०६० |
| **चालू दायित्व तथा व्यवस्था** | ६,०९१,०८२ | २७,१११,७१९ |
| **जम्मा :** | ३१९,१५५,६८२ | ३०१,९३२,४०४ |

**कोषको उपयोग (Applications of Fund)** रु. हजारमा

| विवरण | २०८२।८३ आश्विन मसान्त | २०८१।८२ आश्विन मसान्त |
|---|---|---|
| **खुद स्थिर सम्पत्ति** | २,२०८,५४७ | २,३३६,६१८ |
| **लगानी** | २९५,८३२,३१० | २५०,९९५,६९३ |
| नेपाल सरकारको ऋणपत्र | ३,६३२,५०० | ५००,००० |
| मुद्दती निक्षेप | १६२,५४३,२५१ | १३७,५३२,२३२ |
| समयकालीन कर्जा | २६,३८५,३७३ | २५,०१०,६१८ |
| सहायक कम्पनीमा लगानी | २,७२८,५०० | २,७२४,६७५ |
| सहभागी सापटी तथा आवास कर्जा | ६३,९४१,०३४ | ५४,२८१,५९५ |
| ट्रेजरी बिल | ४,३२९,७२४ | |
| सङ्गठित संस्थाको शेयर/धितोपत्र | ३२,२७१,९२८ | ३०,९४६,५७३ |
| **उचित मूल्य समायोजित सम्पत्ति** | ९,३५६,६८६ | ७,४९९,५५५ |
| **बैंक मौज्दात** | २,८७०,५८७ | ६,२३४,८०८ |
| **चालू सम्पत्ति** | ८,८८७,५५१ | ३४,८६५,७३० |
| **जम्मा** | ३१९,१५५,६८२ | ३०१,९३२,४०४ |

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

**नागरिक लगानी कोष**
**केन्द्रीय हिसाब**

**२०८२ श्रावण १ देखि २०८२ आश्विन मसान्त सम्मको अपरिष्कृत आय/व्यय हिसाब**

रु. हजारमा

| विवरण | २०८२।८३ आश्विन मसान्त | २०८१।८२ आश्विन मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | ९७,२१२ | ११९,८२१ |
| सेवा शुल्क तथा कमिसन आम्दानी | ४२७,४३३ | ३९१,६५९ |
| विविध आम्दानी | १२,५५७ | ५,५३३ |
| **कुल आम्दानी** | ५३७,२०२ | ५१७,०१३ |
| व्यवस्थापन खर्च | ७८,६७७ | ८२,९५५ |
| खर्च व्यवस्था | ३९,२९७ | ३२,७५० |
| **कुल खर्च** | ११७,९७४ | ११५,७०५ |
| कर अगाडिको खुद नाफा | ४१९,२२८ | ४०१,३०८ |
| आय कर व्यवस्था | १०४,९०० | १००,३२७ |
| **खुद नाफा** | ३१४,३२८ | ३००,९८१ |

**Particulars**
**Financial Ratios & Other Information:**

| *Overall* | As on Ashwin 2082 | As on Ashwin 2081 |
|---|---|---|
| Return on Investment (ROI) | **4.81** | **6.94%** |
| Fund to Investment ratio | **98.24%** | **96.07%** |
| Weighted average cost of fund | **4.55%** | **6.38%** |
| ***Central Account*** | | |
| Net Worth (Rs. in '000) | **10,959,447** | **9,535,866** |
| Net Worth (Value per share) | **169.08** | **157.42** |
| Earning Per Share (in Rs.) - Annualized | **19.40** | **19.87** |

१. **वित्तीय विवरण**
त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. **व्यवस्थापकीय विश्लेषण**
कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ। कोषको मुख्य आम्दानीका रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ। कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ। लगानी विविधीकरणलाई कोषले प्राथमिकतामा राखेको छ ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**
(क) नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान कोष तथा लगानीकर्ता हिसाब योजनाको रकमबाट सम्बन्धित संस्थाका अवकाश प्राप्त कर्मचारीहरूलाई योगदानमा आधारित नभएको अवकाश रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा उपदान तथा लगानीकर्ता हिसाब योजना बापत ५ प्रतिशत मात्र कर कट्टि गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई रिट दायर हुने गरेको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतबाट विभिन्न आदेश आइरहेको अवस्था विद्यमान छ ।
(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यलयबाट आ.व. २०७४।०७५ को संशोधित कर निर्धारण गर्दा कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकन गरेकोमा विभागबाट समेत ठूला करदाता कार्यालयको निर्णयलाई सदर गरेको हुँदा मिति २०८२ असोज ०२ गते राजस्व न्याधिकरण काठमाडौँमा पुनरावेदन गरिएको छ ।

४. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**
(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।
(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्याः

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| २१६८ | १७३०.८ | १,८२८ | ५१ | ९०९,४२१ |

५. **समस्या तथा चुनौती**
कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुने गरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई आकर्षक बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजी बजार तर्फको कारोबारमा प्रतिस्पर्धा, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जा नियमित रूपमा असुली नभएको, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सिर्जना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यसै गरी बजारमा अधिक तरलता रहेको कारणबाट मुद्दती निक्षेपको ब्याजदरमा आएको अत्याधिक गिरावटले कोषले सञ्चालन गरेका कार्यक्रम/योजनाको वित्तीय अवस्थामा पर्न गएको असर चुनौतीपूर्ण रहेको छ। यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो प्रयोगमा रहेको सफ्टवेयरलाई नियमित रूपमा अद्यावधिक गरी सबै कार्यक्रममा लागू गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउने, सहभागीहरूलाई आकर्षक प्रतिफल दिने गरी सुरक्षित रूपमा लगानी विविधीकरण गर्ने लगायतका रणनीति कोषले लिएको छ।

६. **संस्थागत सुशासन**
कोषको शीर्ष निकायको रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ। कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ। सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ। आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ। सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ। यस सम्बन्धमा सम्पादित कार्यहरूको प्रतिवेदन आवधिक रूपमा समिति समक्ष पेश गर्ने गरिएको छ। कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ। लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ। सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गर्ने गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।